# आर्टस्, ब्रिटिस काउन्सिल

# आवेदनसम्बन्धी निर्देशिका

# खुल्ला आव्हानः इक्वेल टुगेदर २०२५

## यस दस्तावेज (डकुमेन्ट) बारे

यस दस्तावेजले ब्रिटिस काउन्सिलको कार्यक्रम र आवेदन प्रक्रियाबारे तपाईलाई राम्ररी बुझाउन आवश्यक सामाग्री समेटेको छ। कृपया आवेदन दिनुअघि यो दस्तावेज ध्यानपूर्वक पढ्नुहोला।

यदि यो दस्तावेजले सम्बोधन नगरेका कुनै बिषयबारे तपाईको जिज्ञासा वा प्रश्न भए, कृपया हामीलाई arts@britishcouncil.org.np मा इमेल गर्नुहोस्।

आवेदन प्रक्रियाबारे विस्तृत जानकारी दिन हामीले २९ जूलाई (साउन १३) गते नेपाली समय अनुसार अपरान्ह ४ बजेदेखि ५ बजेसम्म एक भर्चुअल सेसन आयोजना गर्दछौं।

भर्चुअल सेसनमा सहभागी हुन यो लिंक प्रयोग गर्नुहोस्: Meeting link

कला र संस्कृतिमार्फत लैङ्गिक समानता र समावेशीकरण प्रवर्द्धन गर्न इच्छुक व्यक्ति, समूह र संस्थालाई ब्रिटिस काउन्सिलले आयोजना लागेको "इक्वेल टुगेदर २०२५" कार्यक्रममा सहभागी हुन आग्रह गर्दछौं।

इक्वेल टुगेदरका लागि आवेदन दिएपछि निम्न बिषयमा सहभागी हुन सकिन्छ।

१. लैङ्गिकता र कला सेमिनारमा सहभागी भई लैङ्गिकता, कला र संस्कृतिबारे आफ्नो ज्ञान र सीप परिस्कृत गर्न सहजकर्ता, प्रस्तोता लगायतसँग छलफल र अन्र्तक्रिया गर्न सकिन्छ।

- आवेदन दिएकामध्ये ५० जना सहभागीलाई काठमाडौंमा आयोजना हुने दुई दिनको सेमिनारमा भाग लिने अवसर प्राप्त हुनेछ, जहाँ उनीहरुले लैङ्गिक समानताको सवाल आपसी सम्वाद र

अन्तर्क्रिया गर्नुका साथै कला-संस्कृतिसम्बन्धी प्रभावकारी परियोजना तयार पार्ने सीप विकास गर्ने मौका पाउनेछन् ।

२. लैङ्गिकतामा केन्द्रित नवीनतम र सृजनात्मक/रचनात्मक परियोजना तयार पारी कार्यान्वयनका लागि अनुदान र मेन्टरसीप (विज्ञबाट रायसुझाव) प्राप्त गर्न सकिन्छ ।

- लैङ्गिक असमानताको मुद्धालाई सम्वोधन गर्ने सृजनात्मक/रचनात्मक परियोजनामा सहयोगका लागि १० वटासम्म अनुदान प्रदान गरिनेछन् ।

३. परियोजना सञ्चालन गर्ने व्यक्ति/समूह र संस्थाले आफ्नो कामलाई सन् २०२५ र त्यसपछि पनि आयोजना हुने सार्वजनिक कार्यक्रममा प्रस्तुत गर्न मौका पाउनेछन् ।

- परियोजना सञ्चालन गर्ने व्यक्ति/समूह र संस्थाले सन् २०२५, डिसेम्वरमा आयोजना हुने लैङ्गिकता र कला (जेन्डर-आर्टस्) कार्यक्रमसहित ब्रिटिस काउन्सिलका अन्य कार्यक्रमहरुमा र सन् २०२६ मा हुने वुमन अफ द वर्ल्ड नेपाल फेस्टिभल (WOW Festival) मा आफ्नो काम देखाउने अवसर प्राप्त गर्नेछन् ।

इक्वेल टुगदेरबारे थप जानकारीका लागि: https://www.britishcouncil.org.np/open-call-equal-together-2025

**सन् २०२५, अगस्ट १० शनिवार, राति ११:५९ भित्र आवेदन दिनुहोला ।**

**अनलाइन फर्मका लागि:** https://forms.office.com/e/UKsmj6Wruz

BRITISH COUNCIL

## के-के अवसर प्राप्त हुन्छन् ?

कार्यक्रमले सहभागीहरुलाई लैङ्गिकता र कला (जेन्डर-आर्टस्) सेमिनार, परियोजना सञ्चालनका लागि अनुदान, विज्ञहरुको रायसुझाव (मेन्टरसीप) र आफ्नो कामलाई सार्वजनिक गर्नेसहितका अवसर प्रदान गर्दछ ।

### १. लैङ्गिकतासम्बन्धी कला (जेन्डर-आर्टस्) सेमिनार

कला र संस्कृतिको माध्यमबाट लैङ्गिकताकाबारे सहभागीको ज्ञान र सीप अभिवृद्धि गर्ने उद्देश्यसहित काठमाडौंमा दुई दिनको सेमिनार आयोजना हुनेछ । त्यसका लागि ५० जनासम्म सहभागी छनोट गरिनेछ ।

**सेमिनारमा के के हुन्छ ?**

- नेपालको सन्दर्भमा लैङ्गिकतासँग अन्तरसम्वन्धित विविध बिषयमा वृहत्त छलफल हुनेछ ।
- कला र संस्कृतिले कसरी सामाजिक परिवर्तन र समावेशीकरणलाई बढावा दिन सक्छ भन्नेबारे सुक्ष्म जानकारी दिइनेछ ।
- लैङ्गिक उत्तरदायी कला परियोजना निर्माण, त्यसको कार्यान्वयन र प्रभावकारी कथाको प्रस्तुति (स्टोरी टेलिङ) सम्बन्धी सेसनहरु आयोजना हुनेछ ।
- सहभागीहरुबीच आपसी सिकाइ र समीक्षात्मक अर्न्तक्रिया हुनेछ ।
- सेमिनारमा सहभागी हुने विभिन्न क्षेत्रका प्रतिनिधि, कलाकर्मी र अभ्यासकर्ता तथा सामुदायिक अगुवा (कम्युनिटी लिडर), सहजकर्ता र कार्यक्रम निर्माता र क्युरेटर लगायतसँग आपसी सम्वन्ध र सञ्जाल विस्तार (नेटवर्किङ) गर्ने मौका प्राप्त हुनेछ ।

***नोटः***

- *काठमाडौं बाहिरबाट छनोट भएका सहभागीलाई ब्रिटिस काउन्सिलको तर्फबाट यातायात, होटल र खानाको व्यवस्था हुनेछ ।*

- *सेमिनारमा सहभागी भएकै आधारमा अनुदान प्राप्त गर्ने निश्चित हुँदैन । तर सेमिनारका सहभागीले महत्वपूर्ण सीप, ज्ञान हासिल गर्नुका साथै अनुदान प्राप्तिका लागि आफ्नो तर्फबाट प्रस्ताव राख्ने मौका पाउनेछन् ।*

## २. अनुदान, विज्ञहरुबाट रायसुझाव (मेन्टरसीप) र आफ्नो काम देखाउने अवसर

सेमिनारमा भाग लिएपछि सहभागीहरुलाई आफ्नो परियोजनाको प्रस्तावसहित अनुदानका लागि आवेदन पेश गर्न आग्रह गरिन्छ । बढीमा १० वटा परियोजनाका लागि अनुदान प्रदान गरिनेछ ।

अनुदान पाउनेहरुका लागिः

- अक्टोवर २०२५ देखि मार्च २०२६ भित्र लैङ्गिक सवालमा केन्द्रित कला र संस्कृतिसम्बन्धी परियोजना सञ्चालनका लागि नेपाली रुपैयाँ १५०,००० देखि नेपाली रुपैयाँ १,०००,००० सम्मको अनुदान प्राप्त हुनेछ । अनुदान प्राप्त गर्नेले आफ्नो परियोजना सम्पन्न गरी सन् २०२६ को मार्च महिनाको मध्यसम्म अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- विज्ञहरु (मेन्टर) सँग दुई वटा मेन्टरसीप सेसन सञ्चालन हुनेछ, जसमा परियोजनाको आवश्यकता र त्यसमा समेटिएको बिषयवस्तुमा आधारित भई सल्लाह-सुझाव प्रदान गरिनेछ ।
- सहभागीलाई आफ्नो काम सार्वजनिक कार्यक्रम (जस्तैः वुमन अफ द वर्ल्ड नेपाल फेस्टिभल) मा प्रस्तुत गर्ने मौकासहित आपसी सम्वन्ध विस्तारका लागि अवसर प्राप्त हुनेछ ।
- इक्वेल टुगेदर कार्यक्रमका निर्माता र क्युरेटरमार्फत थप सहयोग प्रदान गरिनेछ ।
- अनुदान परियोजनाका लागि मार्केटिङ र सञ्चार (कम्युनिकेसन) मा सहायता प्राप्त हुनेछ ।
- स्थानीय रुपमा लैङ्गिक मुद्धामा बहस पैरवी गर्ने समूह र सृजनात्मक/रचनात्मक कार्य गर्ने क्षेत्रसँग सहभागीहरुलाई जोड्ने अवसर प्रदान गरिनेछ ।

## अनुदान रकमसम्बन्धी विवरण

| अनुदान रकमको सीमा | विस्तृत जानकारी |
|---|---|
| नेरु. १५०,०००<br><br>१ लाख ५० हजार नेपाली रुपैयाँ | अनुदानमा प्राप्त हुने न्युनतम रकम |
| नेरु. ७००,०००<br><br>७ लाख नेपाली रुपैयाँ | अनुदानमा प्राप्त हुने अधिकतम रकम |
| नेरु. १,०००,०००<br><br>१० लाख नेपाली रुपैयाँ | संयुक्त अधिराज्य (युके) का कुनै व्यक्ति वा संस्थासँग सहकार्य समेत गरेर आयोजना गरिने कार्यक्रमका लागि प्राप्त हुने अनुदानको अधिकतम रकम । यसभित्र परियोजनाका कुनै कार्यक्रमका लागि युकेका व्यक्ति वा संस्थालाई सहभागी गराउँदा लाग्ने खर्च समावेश गरिएको छ। जस्तैः युकेका कोही कलाकारलाई नेपालमा अथवा अनलाइनमार्फत कार्यक्रममा सहभागी गराउँदा लाग्ने शुल्क । |

## क-कसले आवेदन दिन सक्छन् ?

निम्न व्यक्ति र पक्षबाट आवेदन माग गरिएको छः

- व्यक्तिगतः कलाकर्मी (आर्टिस्ट जस्तैः भिजुअल, पर्फर्मेन्स्, डिजिटल, सहित्य आदि विधाको अभ्यास गर्ने ।) सृजनात्मक/रचनात्मक प्रयोग गरिरहेका व्यक्ति, अभियन्ता, लैङ्गिक मुद्धामा काम गरिरहेका व्यक्ति र समुदायका अगुवा (कम्युनिटी लिडर)
- एक भन्दा बढी व्यक्ति आपस मिलेर कार्यक्रम गर्ने वा अनौपचारिक/दर्ता नभएका समूहका प्रतिनिधि
- आधिकारिक रुपमा दर्ता भएको संस्थाका प्रतिनिधि (गैरनाफामूलक, क्रियटिभ काम गर्ने कम्पनी आदि)

आवेदकका लागि निम्न सर्तहरु रहनेछः

- नेपालमा बसोबास गरिरहेको हुनुपर्ने
- कला/संस्कृति वा लैङ्गिक/सामाजिक मुद्धामा अनुभव भएको व्यक्ति/संस्था हुनुपर्ने
- व्यक्तिगत रुपमा आवेदन दिने भए सन् २०२५ सेप्टेम्वरसम्म १८ वर्ष उमेर पुगेको । कुनै संस्था वा समूहको प्रतिनिधि भई आवेदन दिने भए १८ बर्षभन्दा माथिको उमेर हुनुपर्ने
- सन् २०२५ सेप्टेम्वरमा आयोजना हुने सेमिनारमा सहभागी हुनुपर्ने
- अनुदान प्राप्त भएको खण्डमा अक्टोवर २०२५ देखि मार्च २०२६ सम्म अनुदानमार्फत् परियोजना कार्यान्वयन गर्न सक्ने

## कस्ता खालका परियोजना छनोटका लागि योग्य हुन्छन् ?

परियोजना प्रस्ताव गर्न सकिने विषयगत क्षेत्र र योग्यताबारे थाहा पाउन तल उल्लेखित टेबुल हेर्नुहोस्:

| **मापदण्ड** | **थप विवरण** |
|---|---|
| **लैङ्गिकतामा केन्द्रित** | महिला, किशोरी, बालिका, सिमान्कृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्ति /क्वेर व्यक्ति (LGBTIQA+) का |

| | |
|---|---|
| | साथै कार्यक्रममा पुरुष र किशोरहरुलाई साझेदारको रुपमा सहभागी गराउन सकिने |
| **कला र संस्कृति (आर्टस्-कल्चर) लाई प्राथमिकता** | परियोजना प्रस्ताव गर्दा सृजनात्मक/रचनात्मक कलाका विभिन्न माध्यममार्फत सम्वाद, सचेतनामूलक अभियान वा सामाजिक परिवर्तन गर्ने गतिविधि समावेश हुनुपर्ने। त्यस्ता गतिविधिभित्र सृजनात्मक कार्य, कथावाचन (स्टोरी टेलिङ), प्रस्तुति (पर्फमेन्स), प्रदर्शनी, चेतनामूलक अभियान, सहभागितामूलक कार्यक्रम, कार्यशाला (वर्कशप) मध्ये कुनै पनि माध्यमलाई समावेश गर्न सकिन्छ । दुई वटा विधा समेटेर परियोजना सञ्चालन गर्न सकिन्छ। (उदाहरणका लागि कला र विज्ञान, कला र प्रविधिको संयोजन )<br><br>परियोजनामा महिला र सिमान्कृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्ति /क्वेर (LGBTIQA+) समुदायका सृजनात्मक क्षमता भएका व्यक्तिको क्षमतावृद्धि गर्ने खालका गतिविधि पनि समावेश गर्न सकिन्छ ।<br><br>लैङ्गिकताको सवालमा विद्यमान गलत मान्यतालाई चुनौती दिँदै ती बिषयमा परिवर्तन ल्याउन सक्ने साहसिक, सुविचारित र नवीनतम अवधारणासहित कलाको माध्यमबाट लैङ्गिक न्यायमा नयाँ सम्भावनाको उदाहरण प्रस्तुत गर्ने परियोजना प्रस्ताव पेश गर्न हामी सबैमा आग्रह गर्दछौं । |
| **कलाका विभिन्न स्वरुप र कलात्मक शैली** | तपाईको परियोजनामा भिजुअल आर्ट, कलाकौशल, खेल, भर्चुअल रियालिटीसहितका रचनात्मक प्रविधिका साथै फेसन, साहित्य, संगीत, फिल्म, नृत्य, नाटक र डिजिटल/मिडिया आर्टस् लगायत गतिविधि |

| | |
|---|---|
| | समेट्न सकिन्छ। एक भन्दा बढी कलालाई परियोजनामा समावेश गर्न सकिन्छ। |
| **परिवेश र सन्दर्भ अनुसार** | तपाईको समुदाय, सञ्जाल (नेटवर्क) वा लक्षित दर्शकको परिवेशभित्रका खास चुनौती वा आवश्यकतालाई सम्वोधन गर्ने गरी परियोजना प्रस्ताव गर्न सकिन्छ। |
| **उपलव्धिका क्षेत्रहरु** | प्रस्तावित परियोजनाले तल उल्लेखितमध्ये कुनै एक क्षेत्रमा अर्थपूर्ण उपलव्धि हासिल गर्ने लक्ष्य राखेको हुनुपर्नेछ।<br><br>● साझेदारी विकासः लैङ्गिक समानता वृद्धिका लागि सामूहिक पहललाई बलियो बनाउन महिला, किशोरी, पुरुष, किशोर र सिमान्कृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्ति /क्वेर व्यक्ति (LGBTIQA+) बीच सहकार्य र समन्वय विकास गर्ने<br>● **सचेतना वृद्धिः** परिवर्तनका लागि प्रभाव पार्न सक्ने समुदाय र नीतिनिर्मातालाई उत्प्रेरित गर्न लैङ्गिकताका अन्तरसम्वन्धित मुद्धा (जून मुद्धाहरुको खासै चर्चा भएको छैन वा वेवास्ता गरिएको छ।) बारे सचेतना जगाउन सक्ने गतिविधि सञ्चालन गर्ने<br>● **आवाज सशक्त बनाउने र मञ्च प्रदान गर्ने अवसरः** महिला, किशोरी र सिमान्कृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्ति /क्वेर (LGBTIQA+) समुदायका व्यक्तिलाई उनीहरुको पहिचान तथा जीवनका अनुभव तथा सृजनात्मक क्षमता र नेतृत्व विकासका लागि सार्वजनिक रुपमा आफ्नो धारणा वा अभिव्यक्ति प्रस्तुत गर्ने अवसर सृजना गर्ने |

BRITISH COUNCIL

| | |
|---|---|
| | • **क्षमता वृद्धिः** लैङ्‌गिक मुद्धा र चुनौतीलाई सम्वोधन गर्न ज्ञान र सीपको विकास गर्ने । परियोजनाका गतिविधि कला-संस्कृतिको क्षेत्रमा महिला र सिमान्कृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्ति /क्वेर व्यक्ति (LGBTIQA+)को क्षमता वृद्धिमा समेत केन्द्रित हुन सक्छन् । |
| परियोजनाको अवधि | प्रस्तावित परियोजना १५ अक्टोवर २०२५ बाट शुरु भई १५ मार्च २०२६ मा सकिने गरी बढीमा ५ महिनाभित्र सञ्चालन गर्नुपर्नेछ । |
| परियोजनाको स्थान | गतिविधिहरु नेपाल भित्र हुन पर्ने । |

## आवेदन दिने तरिकाः

तपाईले तीन तरिकाबाट आवेदन दिन सक्नुहुन्छः

- अनलाइन फर्म- Open Call: Equal Together 2025 - Application Form (Page 1 of 8) यो लिंकमा गएर फर्म भरेर बुझाउने
- अफलाइन (इमेल/प्रिन्ट)-माथि उल्लेखित फर्म डाउनलोड गरेर भर्ने र arts@britishcouncil.org.np वा त्यसलाई प्रिन्ट गरेर काठमाडौंको लैनचौरस्थित ब्रिटिस काउन्सिलको कार्यालयमा बुझाउने
- भिडियो आवेदन- फर्ममा राखिएका सबै प्रश्नको जवाफ समेटेर बढीमा २५ मिनेटको भिडियो बनाएर arts@britishcouncil.org.np मा इमेल पठाउने । त्यसरी भिडियो पठाउँदा इमेलको शीर्षकमा Video Application Equal Together 2025 उल्लेख गर्ने । ध्यान दिनुहोला, भिडियो इमेलबाट पठाउँदा इमेल प्राप्त गर्ने व्यक्तिले भिडियो हेर्न सक्ने अनुमति समेत दिनुपर्नेछ ।

तपाईले नेपाली, अंग्रेजी वा नेपालमा प्रचलित सांकेतिक भाषामा समेत आवेदन दिन सक्नुहुन्छ ।

यदि तपाईले नेपालका अन्य कुनै भाषामा आवेदन दिन चाहानुभएको छ भने हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईले रोज्नुभएको भाषामा तपाईले आवेदन दिन मिल्ने व्यवस्था मिलाउने प्रयास गर्नेछौं ।

**कार्यक्रमको समय तालिका र चरणहरु**

इक्वेल टुगेदर २०२५ कार्यक्रम ४ सेप्टेम्वर २०२५ देखि १५ मार्च २०२६ सम्म गरी जम्मा ६ महिना सञ्चालन हुनेछ ।

| **चरण** | **थप विवरण** | **समय तालिका** |
|---|---|---|
| **चरण १** | **सहभागीताका लागि खुल्ला आव्हान**<br><br>परियोजनाको प्रारम्भिक प्रस्तावसहित आवेदन बुझाउने | २३ जूलाई-१० अगस्ट २०२५ |
| | **सहभागीको छनोट**<br><br>प्राप्त आवेदनमा आधारित भई बढीमा ५० जनालाई लैङ्गिकतासम्बन्धी कला सेमिनारका लागि छनोट गरिनेछ । | १४ अगस्ट २०२५ |
| **चरण २** | **लैङ्गिकता र कला सेमिनारको आयोजना काठमाडौंमा** | ४-५ सेप्टेम्वर २०२५<br><br>नोटः काठमाडौं बाहिरका सहभागीका लागि<br><br>काठमाडौं आइपुग्नुपर्ने मितिः ३ सेप्टेम्वर २०२५<br><br>काठमाडौंबाट फर्किने मितिः ६ सेप्टेम्वर २०२५ |

| | | |
|---|---|---|
| **चरण ३** | **प्रस्ताव पेश गर्ने**<br><br>सेमिनारका सहभागीलाई अनुदान प्राप्तिका लागि आफ्नो पूर्ण परियोजना प्रस्ताव गर्न आव्हान गरिनेछ । | ६-२६ सेप्टेम्वर २०२५ |
| | अनुदान प्राप्त गर्नेको नाम घोषणा | १० अक्टोवर २०२५ |
| चरण ४ | **विज्ञहरुबाट रायसुझाव र परियोजना कार्यान्वयन**<br><br>बढीमा १० वटा परियोजना छनोट गरी आर्थिक सहायता र विज्ञहरुबाट रायसुझाव प्रदान गरिनेछ । परियोजनाका गतिविधि साढे ४ महिनाको अवधिमा कार्यान्वयन गर्नुपर्नेछ । | १५ अक्टोवर २०२५-१ मार्च २०२६ |
| | **परियोजनाको काम प्रस्तुत गर्ने कार्यक्रम**<br><br>अनुदान प्राप्तिका लागि छनोट भएका व्यक्ति/संस्थालाई उनीहरुको काम र कार्यक्रमबारे काठमाडौंमा हुने सार्वजनिक इभेन्टमा प्रस्तुतिका लागि बोलाइनेछ । | डिसेम्वर २०२५ (मिति तोक्न बाँकी) |
| **चरण ५** | **समापन र रिपोर्टिङ** | १५ मार्च २०२६ |

| | | |
|---|---|---|
| | मार्च महिनाको मध्यसम्ममा अन्तिम प्रतिवेदन बुझाउनुपर्नेछ । | |
| **चरण ६** | अनुदान प्राप्त भएका परियोजना सञ्चालन गर्ने व्यक्तिलाई उनीहरुको काम र कार्यक्रम **वुमन अफ द वर्ल्ड नेपाल २०२६** र अन्य मञ्च (प्लेटफर्म) मा प्रस्तुत गर्ने अवसर दिइनेछ । | सन् २०२६ |

**पृष्ठभूमिः ब्रिटिस काउन्सिल तथा लैङ्गिकताका मुद्धा र समावेशीकरणमा संस्थाका कामबारे**

ब्रिटिस काउन्सिल साँस्कृतिक सम्वन्ध र शैक्षिक अवसरका लागि क्रियाशील संयुक्त अधिराज्य (युके) को अन्तराष्ट्रिय संस्था हो । ब्रिटिस काउन्सिलले कला, शिक्षा र अंग्रेजी भाषाको माध्यमबाट संयुक्त अधिराज्य र अन्य देशका नागरिकबीच सम्वन्ध विस्तार गर्ने, एक-अर्काको बुझाइलाई परिस्कृत गर्ने र आपसी विश्वास र भरोसा निर्माणका लागि काम गर्दै आएको छ । नेपालमा सन् १९५९ बाट स्थापना भएपछि ब्रिटिस काउन्सिलले समावेशी र दीगो विकास प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिरहेको छ ।

**Culture Responds to Global Challenges (विश्वव्यापी चुनौतीलाई संस्कृतिको माध्यमबाट सम्वोधन गर्ने**) भन्ने ब्रिटिस काउन्सिलको अवधारणाले कलाकर्मी र सांस्कृतिक अभियन्ता/अभ्यासकर्ता तथा मुख्य सामाजिक र वातावरणीय मुद्धाको सम्वोधनमा सृजनात्मक संघसंस्थालाई सहयोग गर्दै दीगो विकासका लागि संस्कृतिको महत्व र योगदानलाई समर्थन गर्दछ । यी कार्यले कलाकर्मीलाई उनीहरुको रचनात्मक अभ्यास र सञ्जाल (नेटवर्क) को विकासमा समेत सहयोग गर्दछ । नेपालमा हामीले पछाडि पारिएका र प्रतिनिधित्व हुन नसकेका समूह र समुदायलाई सांस्कृतिक जीवनमा सहभागी हुने सुनिश्चित गर्न काम गरिरहेका छौं । र, समावेशी, दीगो र जलवायुमैत्री अभ्यास अवलम्वन गर्दै कला र संस्कृतिको क्षेत्रमा सहयोग गरिरहेका छौं ।

लैङ्गिक समानताका लागि दीर्घकालिन रुपमा पैरवी गर्ने उद्देश्यसहित ब्रिटिस काउन्सिलले लैङ्गिक रुपमा समानतापूर्ण समाज निर्माणका लागि योगदान गर्न र कला-संस्कृतिको प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम र पहल गर्दै आएको छः

- WOW Foundation UK सँगको साझेदारीमा सन् २०१७ देखि हामीले नेपालमा वुमन अफ द वर्ल्ड फेस्टिभल https://www.britishcouncil.org.np/programmes/arts/wow-festival आयोजना गर्दै आएका छौं । विभिन्न प्रदेश र प्लेटफर्ममार्फत् हामी यो कार्यक्रमबाट ३७ हजार भन्दा बढी व्यक्तिसमक्ष पुगेका छौं ।
- Creating Heroines | British Council (२०१८-२०२३): यस कार्यक्रममार्फत् हामीले कार्यशाला, कार्यक्रम प्रस्तुति र अनुदानबाट दक्षिण एसिया र संयुक्त अधिराज्य (युके) का ५९ जना महिला कलाकर्मी (आर्टिस) लाई सहयोग गरेका छौं ।
- In Our Own Words - Short Fiction Anthology | British Council (२०२०): यस कार्यक्रमबाट लैङ्गिकता र मानसिक स्वास्थ्यसम्बन्धी चित्रसहितको पुस्तक तयार पार्न २० जना युवा र चित्रकारलाई सहयोग गरेका छौं ।
- Queer: In our own words | British Council (२०२१): यस कार्यक्रममार्फत् हामीले लेखन, चित्रकला र फिल्मसहित विभिन्न माध्यम प्रयोग गरी आफ्नो कथा भन्न १० जना क्वेअर युवालाई सहयोग गरेका छौं ।
- Gender Film Co-production Grants | British Council यस अनुदानबाट सहयोग प्राप्त गरेका तीन जना महिला फिल्मनिर्माता (फिल्ममेकर) ले फिल्म बनाएका छन् भने अन्तराष्ट्रिय रुपमा एक्सपोजर प्राप्त गरेका छन् । हामीले फिल्मसम्बन्धी तालिम दिएर महिला फिल्मनिर्माताको क्षमता वृद्धिका लागि सहयोग समेत गरेका छौं । त्यस्तै, ७ जना फिल्म निर्मातालाई बेलायतमा आयोजित **Sheffield Documentary Film Festival** (सेफिल्ड डकुमेन्ट्री फिल्म फेस्टिभल) मा सहभागी हुने अवसर प्रदान गरेका छौं ।

यी र यस्तै पहलमार्फत विविधतायुक्त आवाजलाई सशक्त बनाउन, सृजनात्मक अभ्यासकर्तालाई सहयोग गर्न तथा लैङ्गिक समानता प्रवर्द्धनमा कला र संस्कृतिको भूमिकालाई सबल बनाउन समावेशी थलो (प्लेटफर्म) निर्माणका लागि हामीले निरन्तर लगानी गरेका छौं ।

BRITISH COUNCIL

## इक्वेल टुगेदर २०२५ बारे

नेपालमा कला, संस्कृति र लैङ्गिक सवालका अन्तर्सम्वन्धित बिषयमा काम गर्ने सृजनात्मक/रचनात्मक अभ्यासकर्तालाई सहयोग गर्ने ब्रिटिस काउन्सिलको **इक्वेल टुगेदर** एक विशेष पहल हो। क्षमता विकास, विज्ञहरुबाट रायसुझाव (मेन्टरसीप) र सर्वसाधारणको संलग्नता तथा वुमन अफ द वर्ल्ड फेस्टिभल जस्तो प्लेटफर्ममा कलाकर्मीको आफ्नो कला र काम प्रस्तुतिका लागि अवसर प्रदान गर्न यो कार्यक्रम केन्द्रित छ।

महिला, सिमान्कृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्ति /क्वेर व्यक्ति (LGBTIQA+) र पछाडीमा पारिएका अन्य समुदायले सामना गरिरहेका चुनौतीलाई सम्वोधन गर्न कलाकर्मी र सृजनात्मक अभ्यासकर्तालाई सहयोगका लागि सन् २०२३ मा शुरुवात् गरिएको **जेन्डर ग्रान्टस् प्रोग्राम**को सफलता र सिकाइमा आधारित भएर इक्वेल टुगेदर तयार भएको छ। यी अनुदानमार्फत हामीले सचेतना वृद्धि गर्ने, प्रतिनिधित्व हुन नसकेका आवाजलाई सशक्त बनाउने र लैङ्गिक अभियानमा पछाडी परेका व्यक्तिको सामर्थ्य बलियो बनाउने प्रभावकारी परियोजनाहरु सञ्चालन गरेका छौं।

सन् २०२३-२४ मा हामीले नेपालका विभिन्न २९ स्थानमा काम गरेका व्यक्ति र संस्थालाई गरी १४ वटा अनुदान (जेन्डर ग्रान्ट) उपलव्ध गराएका थियौं, जसबाट कलाका विविध माध्यम जस्तै भिजुअल आर्ट, संगीत, फिल्म, नाटक, नृत्य तथा मिडियामा आधारित रचनात्मक कथावाचन (स्टोरीटेलिङ), सहभागीतामूलक कार्यशाला (वर्कशप) र कलामा आधारित अनुसन्धान लगायत गतिविधि सञ्चालन भएका थिए। ती परियोजनाबारे विस्तृतमा थाहा पाउन Equal Together: Gender Grants | British Council मा हेर्न सक्नुहुन्छ।

यस बर्ष हामीले कला र संस्कृतिमार्फत लैङ्गिक मुद्धालाई सम्वोधन गर्ने कार्यमा संलग्न नेपालभरका कलाकर्मी, सृजनात्मक अभ्यासकर्ता, समूह र संस्थाको क्षमता वृद्धि गर्न, अनुदान दिन र उनीहरुको कामलाई अरुसमक्ष प्रस्तुत गर्ने अवसर दिलाउन इक्वेल टुगेदरलाई निरन्तरता दिदैछौं।

BRITISH COUNCIL

**बारम्बार सोधिने प्रश्नः**

| | |
|---|---|
| १. | **के यो कार्यक्रममा सहभागी हुन कलाकर्मी (आर्टिस्ट) वा कला/संस्कृतिको व्यवसायिक (प्रोफेसनल) नै हुनुपर्छ ?**<br><br>पर्दैन, यसका लागि आवेदन दिन तपाई कलाकर्मी (आर्टिस्ट) वा कला/संस्कृतिको व्यवसायिक (प्रोफेसनल) आवश्यक छैन । आवेदन दिनका लागि तपाई सृजनात्मक अभ्यासकर्ता, अभियन्ता, लैङ्गिक मुद्धामा क्रियाशील व्यक्ति र समुदायको अगुवाका साथै आधिकारिक दर्ता भएको (जस्तैः गैर-नाफामूलक वा क्रियटिभ कम्पनी) को प्रतिनिधि मात्र भए पुग्छ । तर सबै आवेदकसँग कला, संस्कृति तथा लैङ्गिक वा सामाजिक सेवाको क्षेत्रको अनुभव हुनुपर्नेछ । |
| २. | **सेमिनारमा भाग लिन के मैले परियोजनाको प्रस्ताव बुझाउन आवश्यक छ ?**<br><br>छैन । यो चरणमा हामी तपाईलाई परियोजनाको प्रारम्भिक खाका (आइडिया) प्रस्तुत गर्न आग्रह गर्दछौं । यदि सेमिनारका लागि छनोट भएमा तपाईलाई पूर्ण प्रस्तावसहित जेन्डर ग्रान्टका लागि आवेदन दिन भन्नेछौं । |
| ३. | **सेमिनारका लागि सहभागीहरु कसरी छनोट गरिन्छ ?**<br><br>सहभागीको छनोटका लागि ब्रिटिस काउन्सिलका कार्यक्रमसम्बन्धी कर्मचारी र संस्था बाहिरका विज्ञ व्यक्तिले आवेदनहरुको जाँच गर्नेछन् ।<br><br>निम्न बिषयको आधारमा सहभागीको छनोट गरिनेछः<br><br>• कला र संस्कृतिको क्षेत्रमा काम गरेको अनुभव<br>• लैङ्गिकताको मुद्धा र सामाजिक समावेशीकरणमा काम गरेको अनुभव<br>• नवीनतम सोच, सृजनशील, सान्दर्भिक र परियोजनाको सम्भावित प्रभाव |

| | |
|---|---|
| | नोटः<br><br>○ सहभागी छनोट गर्ने क्रममा जातियता, पृष्ठभूमि, भौगोलिक क्षेत्र र लैङ्गिक स्थिति जस्ता विविधतालाई ध्यान दिइनेछ तर छनोटको मापदण्ड यसैलाई मात्र मानिदैन ।<br>○ संयुक्त अधिराज्य (युके) र नेपालका प्रतिवन्ध/बन्देज, आतंकवादीविरोधी नीति (काउन्टर टेरोरिजम) र सम्पत्ति शुद्धिकरण लगायत सबै कानून पालना सुनिश्चित हुने गरी आवेदनहरुको जाँच गरिनेछ । हामीले उपलब्ध गराएको स्रोतसाधन कुनै पनि अपराधिक वा आतंकवादी गतिविधिमा सहयोग गर्न तथा कानूनले तोकेका प्रतिवन्ध र बन्देज कुनै पनि तरिकाबाट उल्लंघन हुने गरी प्रयोग गर्न पाइने छैन । |
| ४. | **मेरो परियोजना प्रस्ताव सेमिनारका लागि छनोट भयो भने के हुन्छ ?**<br><br>छनोट भएपछि काठमाडौंमा सन् २०२५ सेप्टेम्वर ४-५ तारिखमा हुने दुई दिनको सेमिनारमा सहभागी हुन तपाईलाई बोलाइन्छ । उक्त सेमिनारमा कार्यशाला (वर्कशप), आपसी सम्वाद/बहस र सम्वन्ध विस्तार (नेटवर्किङ) को अवसर प्राप्त हुनेछ । |
| ५. | **सेमिनारमा भाग लिन आउँदा लाग्ने खर्च मलाई दिइन्छ ?**<br><br>यदि तपाई काठमाडौं बाहिरबाट सहभागी हुन आउने हो भने तपाईका लागि यातायात खर्च, होटल र सेमिनार अवधि भर खानाको व्यवस्था हामीले गर्नेछौं ।<br><br>यदि सेमिनार हुने स्थानमा आउन एकतर्फी रुपमा २५ किलोमिटर भन्दा बढीको यात्रा गर्नुहुन्छ भने तपाईलाई यातायात खर्च दिइन्छ ।<br><br>तपाई काठमाडौंबाट सहभागी हुनुहुँदैछ भने सेमिनार हुने स्थानसम्म आउन र घर फर्किन तपाई आफैले व्यवस्था गर्नुपर्छ । यसबारे तपाईको कुनै जिज्ञासा छ वा सहभागी |

| | |
|---|---|
| | हुन आउँदा यात्रामा कुनै खालको अवरोध हुन सक्छ भने हामीलाई जानकारी गराउनुहोस् । |
| ६. | **के सेमिनारमा सहभागी हुनु भनेको अनुदान प्राप्त गर्नु हो ?**<br><br>होइन, सेमिनारमा सहभागी हुनु भनेको प्रक्रियामा सामेल मात्र हुनु हो । पुरै प्रस्ताव पेश गरेपछि त्यसको मूल्याङ्कन गरेर मात्र बढीमा १० वटा परियोजनाले अनुदान प्राप्त गर्नेछन् । |
| ७. | **के अपाङ्गता भएका व्यक्ति वा पहुँचका लागि निश्चित आवश्यकता भएका व्यक्तिले कार्यक्रममा सहभागी हुन पाउँछन् ?**<br><br>पक्कै पनि पाउँछन् । हामी सम्भव भएसम्म कार्यक्रमलाई सबैका लागि पहुँचयुक्त र समावेशी बनाउन प्रतिवद्ध छौं । यदि तपाईलाई खास कुनै आवश्यकता छ भने तपाईको आवेदनमा उल्लेख गर्नुहोस् वा प्रत्यक्ष रुपमा हामीलाई जानकारी गराउनुहोस् । हामी तपाई सेमिनारका दौरान, मेन्टरसीप वा आवेदन प्रक्रियामा आवश्यक सहयोग गर्नेछौं । (जस्तैः भिडियो आवेदन, भाषाको छनोट वा शारिरीक रुपमा चाहिने सहयोग) |
| ८. | **मेरो आवेदन छनोट भएको मैले कहिले थाहा पाउन सक्छु ?**<br><br>छनोट भएका आवेदकलाई १४ अगस्ट, २०२५ भित्र इमेल वा मोवाइल/टेलिफोन नम्वरमार्फत् सम्पर्क गरिनेछ । कुनै निर्णय हुन बाँकी छ (पेन्डिङ छ) भने थप जानकारीका लागि तपाईलाई इमेल वा फोनमार्फत सम्पर्क गर्नेछौं । |
| ९. | **के मैले विगतमा पनि ब्रिटिस काउन्सिलको अनुदान पाएको छु भने अहिले फेरि सेमिनार र अनुदानमा भाग लिने अवसर पाउन सक्छु ?**<br><br>सक्नुहुन्छ । तपाई यो कार्यक्रमका सहभागी हुन योग्य हुनुहुन्छ । तर विगतमा ब्रिटिस काउन्सिलले अनुदान दिएको परियोजना नै प्रस्ताव गरेर फेरि पनि आवेदन दिन पाइदैन |

| | |
|---|---|
| | र ती आवेदनलाई छनोट प्रक्रियामा समावेश गरिदैन। त्यसैले तपाईले नयाँ परियोजना वा अघिल्लो परियोजनाको पूरक कार्यको रुपमा प्रस्ताव पेश गर्न सकिन्छ। |
| १०. | **सेमिनारमा सहभागी हुन आवेदन दिने अन्तिम मिति कहिलेसम्म छ ?**<br><br>यसका लागि तपाईले १० अगस्ट,२०२५ मा नेपाली समय अनुसार राति ११:५९ बजेभित्र आवेदन दिनुपर्नेछ। |
| ११. | **थप जानकारी र सहयोगका लागि मैले ब्रिटिस काउन्सिलमा कसरी सम्पर्क गर्न सक्छु ?**<br><br>तपाईको कुनै प्रश्न वा जिज्ञासा भए हामीलाई arts@britishcouncil.org.np मा सम्पर्क गर्न सक्नुहुन्छ। |
| १२. | **अनुदान (जेन्डर ग्रान्ट) पाइने परियोजना प्रस्तावसम्बन्धी प्रश्नहरुः**<br><br>यो अनुदान पाउन कलाका कस्ता कस्ता माध्यम योग्य हुन्छन् ?<br><br>भिजुअल आर्ट, पर्फमेन्स, संगीत, साहित्य, डिजिटल/मिडिया आर्ट, कलाकौशल, फेसन, सृजनात्मक प्रविधि, फिल्म, नाटक, नृत्य र एक-अर्कासँग सम्वन्धित अभ्यास लगायत कलाका माध्यम समेटिएको परियोजनाका लागि आग्रह गर्दछौं। तपाईको परियोजनामा माथि उल्लेखित एकभन्दा बढी कलाका माध्यमलाई समेट्न समेत सकिन्छ।<br><br>**डिजिटल वा भर्चुअल परियोजना योग्य हुन्छन् ?**<br><br>भौतिक वा डिजिटल दुवै परियोजनालाई हामी स्वीकार गर्छौं। परियोजनालाई कुनै डिजिटल रुपमा र कुनै प्रत्यक्ष रुपमा समेत सञ्चालन गर्न सकिन्छ। |

| | |
|---|---|
| | **यस दस्तावेजमा उल्लेखित भन्दा बढी अतिरिक्त रकम चाहिने गरी परियोजना प्रस्ताव गर्न पाइन्छ ?**<br><br>पाइन्छ, तपाईले बढी बजेट राखेर परियोजना प्रस्ताव गर्न सकिन्छ । तर तपाईको आवश्यकता पुरा गर्न अन्य अनुदानको स्रोत सुनिश्चित भएको देखाउनुपर्नेछ। तपाईको प्रस्तावित गतिविधिका लागि कति वटा साझेदारको सहयोग लिनुहुन्छ भन्नेमा कुनै छेकबार हुँदैन तर अन्य निकायबाट अनुदान लिएको खण्डमा परियोजनाको समयावधिमा कुनै असर नपर्ने सुनिश्चित गर्नुपर्दछ ।<br><br>आवेदक स्वयम्ले खर्च गर्ने वा अन्य निकायबाट लिने अनुदानलाई परियोजना छनोटका लागि मापदण्ड मानिने छैन । तर त्यस्ता प्रस्तावित अनुदानले परियोजनाको पहुँच विस्तार र प्रभाव बढाउने सम्भावना हुन सक्छ र परियोजना छनोट गर्दा यो कुरालाई ध्यानमा राखी प्यानलको आफ्नो अन्तिम निर्णय लिन सक्छन् । यदि तपाईले अन्य निकायबाट अतिरिक्त स्रोतसाधन र अनुदान सुनिश्चित गर्नुभएको छ वा त्यसका लागि पहल गरिरहनुभएको भने तपाईको प्रस्तावमा उल्लेख गर्नुहोस् ।<br><br>**यदि सेमिनारका लागि छनोट भएमा मैले कति अनुदानका लागि प्रस्ताव राख्न सक्छु ?**<br><br>योग्य सहभागीको रुपमा तपाईले १ लाख ५० हजार नेपाली रुपैयाँदेखि १० लाख रुपैयाँसम्मको अनुदानका लागि आवेदन दिन सक्नुहुन्छ ।<br><br>अनुदानका लागि बढीमा ७ लाख नेपाली रुपैयाँसम्म प्रस्ताव गर्न सकिन्छ तर संयुक्त अधिराज्य (युके) का व्यक्ति वा संस्थासँग सामूहिक रुपमा परियोजना सञ्चालनका लागि आवेदन दिने हो भने तपाईले १० लाख रुपैयाँसम्म प्रस्ताव गर्न सक्नुहुन्छ । युके र नेपालको जीवनयापन र काम गर्दाको खर्चको भिन्नता र युकेबाट नेपाल भ्रमण गर्नुपरेमा आउने खर्चलाई समावेश गरेर रकमको सीमा बढाइएको हो । |

| | |
|---|---|
| | **अनुदानका लागि दिइएको आवेदनको जाँच/मूल्याङ्कन कसरी हुन्छ ?**<br><br>ब्रिटिस काउन्सिलका कर्मचारी र बाहिरका विज्ञसहितको टोलीले तपाईको आवेदनको जाँच गर्नेछन् ।<br><br>छनोट प्रक्रियामा निम्न आधारमा हुनेछः<br><br>○ गुणस्तरिय र कलात्मक/सृजनात्मक पक्ष<br>○ दर्शक/सहभागीहरुको संलग्नता र प्रभाव<br>○ सम्भाव्यता<br>○ समता, विविधता, समावेशीकरण<br>○ वातावरणीय दीगोपना<br><br>**के सेमिनारमा सहभागी नभए पनि मैले जेन्डर ग्रान्ट (अनुदान) का लागि आवेदन दिन सक्छु ?**<br><br>सकिदैन । जेन्डर ग्रान्टका लागि तपाईले शुरुमा परियोजनाको प्रारम्भिक प्रस्ताव राख्नुपर्छ र सेमिनारका लागि छनोट हुनुपर्छ। सेमिनारका सहभागीलाई मात्र अनुदानका लागि प्रस्ताव पेश गर्न दिइनेछ।<br><br>**अनुदान प्राप्त भएपछि विज्ञको रायसुझाव (मेन्टरसीप) कसरी दिइन्छ ?**<br><br>प्रत्येक अनुदान प्राप्त गर्ने व्यक्ति/समूह वा संस्थाका लागि दुई सेसन सञ्चालन गर्न सम्वन्धित क्षेत्रको विज्ञलाई खटाइनेछ । ती सेसनको सञ्चालन परियोजना कार्यान्वयनको चरणमा गरिनेछ। विज्ञ व्यक्ति (मेन्टर) ले परियोजना सञ्चालनका लागि आवश्यक असल अभ्याससम्बन्धी सुझाव र निर्देशनसहितको सल्लाह दिनेछन्। कतिपय सन्दर्भमा उनीहरुको व्यक्तिगत सञ्जाल (नेटवर्क) लाई समेत सहभागी गराइनेछ।<br><br>**के मैले कुनै पनि कला तयार पार्न अनुदानका लागि आवेदन दिन सक्छु ? उदाहरणका लागि फिल्म, संगीत वा कला सृजना ?** |

| | |
|---|---|
| | सक्नुहुन्छ, तपाईले त्यस्ता सामाग्री उत्पादनका लागि अनुदान लिन सक्नुहुन्छ तर ती सामाग्रीले समुदायको संलग्नतालाई मद्धत गर्ने वा तपाईको प्रस्तावलाई सवल बनाउने क्षमता विकासका बिषयवस्तुलाई सम्वोधन गर्ने हुनुपर्छ ।<br><br>**अनुदान कार्यान्वयनको समय तालिका कस्तो हुन्छ ?**<br><br>अनुदान प्राप्त परियोजना अक्टोवर २०२५ मा शुरु भई २०२६ मार्चको मध्यसम्ममा समापन हुनुपर्नेछ । परियोजनाका सबै गतिविधि १ मार्च २०२६ भित्र सम्पन्न गरेर बाँकी दिनभित्र समग्र परियोजना समापनसहित अन्तिम प्रतिवेदन (रिपोर्टिङ) पेश गर्नुपर्नेछ । |